पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३ पोखरा खण्ड : ३७ प्रमाणित मिति २०७६ माघ २५ गते

## भाग १

पोखरा महानगरपालिका

# पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७६

# पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७६

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपक्षि पालन व्यवसायलाई सवल,व्यवस्थित र सुदृढ तुल्याउनका साथै पशु,पशुजन्य पदार्थ ,पशु उत्पादन सामाग्रीको नियमित ,स्वच्छ तथा गुणस्तरिय उत्पादन गदै यसको सरल ,सहज तथा भरपर्दो विक्री वितरण ,निकासी पैठारी गर्न पशुपक्षि पालन निती २०७४ को कार्यन्वयन गर्ने अभिप्रायले समग्र पशु क्षेत्रको विकास, व्यवस्थापन र सुशासन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने वाञ्छनिय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६, स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ बमोजिम नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७६ रहने छ ।

(२) यो ऐन नगर सभाबाट पारित भएपछि प्रारम्भ हुने छ ।

३) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उप प्रमुख" भन्नाले नगर कार्यपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(ग) " किसान तथा व्यवसायीक किसान" भन्नाले पशुलाई मूख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जिविकोपार्जन गर्ने नागरिक सम्झनुपर्दछ । परिवारका सदस्यकै श्रमबाट आफ्नो वा अरुको जमिनमा काम गरी परिवारको खाद्य आपूर्ति गर्ने परिवारको श्रीमान्, श्रीमती वा दुबैलाई सम्झनु पर्दछ । आम्दानी आर्जन गर्न आफ्नो वा अर्काको जमीनमा परिवारका सदस्य बाहेक अरु श्रमिक

वा मूलरुपमा यन्त्रको प्रयोग गरी पशु व्यवसाय गर्ने व्यक्तिलाई पशु व्यावसायीक कृषक सम्भनु पर्छ ।

(घ) पशु भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्भनु पर्दछ । यो शव्दले पक्षि र माछा लाई समेत जनाउछ ।

ङ) पशु जन्य पदार्थ भन्नाले पशुको मासु दुध रगत, वोसो, पित्त, दुध हाड, छाला, सिगं, खुर प्वाख, उन, भुत्ला, रौ, भुण, विर्य, ग्रन्थी, मल, मुत्र वा सो वाट वनइएको अप्रसोधित सामाग्री संभनु पर्दछ ।

(च ) पशु जन्य सामाग्री भन्नाले पशु स्वास्थ्य,कृत्रिम गर्भाधान वा जैविक उत्पादनमा उपयोग हुने प्रसोधित,वा अप्रसोधित सामाग्री लाई संभनु पर्दछा ।

(छ) जैविक पदार्थ भन्नाले पशु विकास तथा पशु स्वास्थ्यमा प्रयोग गरिने जीवाणु ,विषाणुयूक्त औषधी खोप वा जैविक रसायन सम्भनु पर्दछ ।

(ज) संक्रमण रोग भन्नाले संधिय सरकारको राजपत्रमा प्रकासित रोग लाई जनाउछ ।

(झ) "पशु पालन कृषक समूह" भन्नाले स्थानीय तहमा दर्ता भै पशुपंछी पालनमा काम गर्ने किसानहरुको सङ्गठनलाई संभनु पर्छ ।

(ञ) " कृषि सहकारी " कृषि सहकारी भन्नाले सहकारी ऐन अन्तरगत कृषि तथा पशु व्यवसाय गर्ने मूल उद्धेश्य राखि दर्ता भएको सङ्गठनलाई सम्भनु पर्दछ ।

(ट) महाशाखा भन्नाले पशु सेवा महाशाखा तथा विषयगत कार्यान्वयन गर्न उच्च निकाय सम्भनु पर्दछ ।

(ठ) आनन्ददायी तथा विलासी पशुपंक्षी भन्नाले कुकुर विरालो मुसा तथाअन्य जंगली जनावर जनाउदछ ।

(ड) पशु सेवा प्राविधिक/पशु स्वास्थ्य प्राविधिक भन्नाले मान्यता प्राप्त सस्थावाट भेट विषयमा कम्तिमा टि एस.एल.सी वा सो सरह उत्तिर्ण गरेको व्यक्ति जनाउने छ ।

(ढ) नगर पशु स्वास्थ्य कार्यकर्ता भन्नाले मान्यता प्राप्त सस्था वाट कम्तिमा ३५ दिने पशु स्वास्थ्य सम्वन्धी तालिम प्राप्त व्यक्ति जनाउने छ ।

(ण) प्रिस्केप्सन : पशुपंक्षी उपचारको लागी औषधी लेख्ने कार्य जनाउछ।

(त) औषधी पसल :औषधी व्यवस्था विभाग वाट स्विकृत लिइ तथा पशु सेवा महाशाखावाट अभिलेखीकरण भएको पसल जनाउछ ।

(थ) महाशाखा प्रमुखः विषयगत महाशाखा तथा शाखाको उच्च व्यक्ति जनाउछ ।

(द) "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्गत बनेको नियम,कार्यविधी,निदेशिकामा तोकिएको वा तोकिए बमोजिम संझनुपछ

## परिच्छेद २
## पशु स्वास्थ्य

४. **पशु स्वास्थ्य सेवा** : (१) सरकारी तथा निजी सस्था वा व्यक्तिबाट पशु स्वास्थ्य सेवा लिन सक्नेछ ।

(२) महानगरबाट यस प्रकारको सेवा र शुल्क तोकिए बमोजिमको हुनेछ ।

(३) पशु पालन गर्दा तोकिए बमोजिमको जैविक सुरक्षाको उपाय अपनाउनु सम्वन्धीत कृषकको कर्तव्य हुने छ ।

५ **स्वास्थ्य सेवा र शुल्क निर्धारण** : (१) महानगरपालिका भित्र कुनै निकाय तथा व्यक्तिवाट सेवा दिंदा देहाय बमोजिमको शुल्क निर्धारण समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

राजश्व समितिको संयोजक : अध्यक्ष

NVA प्रतिनिधि

NEVLA प्रतिनिधि :सदस्य

NELTa प्रतिनिधि :सदस्य

उपभोक्ता हित संरक्षण मञ्चको अध्यक्ष :सदस्य

भेटेरीनरी अस्पतात तथा पशु सेवा विज्ञ केन्द्र कास्की : सदस्य
महनगरपालिकाको पशु सेवा शाखाको शाखा प्रमूख :सदस्य सचिव

(२) निर्धारण भएको शुल्क समानुकुल पुनरावलोकन गर्न सकिने छ ।

(३) पशु चिकित्सकहरुले महानगरपालिका भित्र पशु सेवा दिन महानगरपालिकामा अनिवार्य अभिलेखिकरण गर्नुपर्नेछ ।

(४) पशु स्वास्थ्य प्राविधिकलाई महानगरपालिकामा पशु सेवा तथा पशु स्वास्थ्यकर्मीको लागि सूचिकृत गरिनेछ ।

(५) सेवा स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा अनिवार्यरुपमा प्रिस्प्कीप्सन जारी गर्नु पर्नेछ ।

## परिच्छेद–३

## पशुजन्य व्यवसाय स्थापना तथा निकासी पैठारी सम्वन्धी व्यवस्था

**६. पशुजन्य व्यवसाय तथा उद्योग स्थापना गर्दा दर्ता गर्नुपर्ने :**

(१) पशुपंक्षी व्यवसाय दर्ता तथा नविकरण गर्दा प्रचलित कानुन तथा महानगरपालिले तोकिए बमोजिमको मापदण्डको आधारमा सम्वन्धीत वडा कार्यलयको सिफारिसमा महानगरपालिकामा दर्ता गर्नु पर्ने छ । यसको दस्तुर तथा शुल्क तोकिए बमोजिम हुनेछ ।

२) औषधी तथा पशु पंक्षी आहारको उधोग तथा पसल प्रचलित कानुन तथा महानगरपालिकाबाट तोकिए वमोजिमको मापदण्डको महानगरपालिकामा दर्ता र अभिलेखीकरण गरिनेछ ।

३) आनन्ददायी तथा विलासी पशुपंक्षी (कुकुर तथा बिरालो) महानगरपालिकाबाट तोकिए वमोजिमको शुल्क बुझाई दर्ता गराउनु पर्नेछ ।

४) पशुपंछी व्यवस्थापन गर्न तोकिए बमोजिमको मापदण्ड निर्माण गरि पशुपालन फर्म स्थापना, नश्ल सुधार, आहारा, गोठ/खोर निर्माण, जैविक विविधता संरक्षण, वजार व्यवस्थापन व्यवस्थित गरीने छ ।

५) तोकिएको व्यक्तिले महामारी रोग नियन्त्रण गर्न पशुजन्य पदार्थको विक्री वितरण तथा महानगर क्षेत्रमा आयात र निर्यात वन्द गर्न सक्ने छ ।

६) कुनै पशु जातिको पालन क्षेत्र तोक्न सक्नेछ ।

७) घनावस्ती भएको स्थानमा कुनै प्रजाती पाल्न तोकिए बमोजिम मनाइ गर्न सक्नेछ ।

## परिच्छेद ४
## पशु विकास कार्यदल

७. **पशु विकास कार्यदल गठनः** १) महानगरपालिका क्षेत्रमा संचालन हुने समग्र पशु सेवा कार्यक्रमको व्यवस्थापन, नियन्त्रण र मुल्याकंन गर्न पशु विकास कार्यदल गठन गर्न सक्नेछ ।

८. **अनुदान कार्यक्रम** : १) महानगरपालीका क्षेत्र भित्र पशुपालनको व्यवसायीकरण, उत्पादनमा आत्मनिर्भर बनाउन र स्थानीय रोजगार श्रृजनाको लागी संचालित पशु जन्य व्यवसाय संचालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र निजी पशु फर्मलाई महानगरले तोकिए बमोजिमको परिधि भित्र रही अनुदान उपलब्ध गराईने छ ।

## परिच्छ्ेद : ५
## पशु विमा, कोष तथा ऋण सम्वन्धी व्यवस्था

९. **पशु विमा सम्बन्धी व्यवस्थाः** (१) महानगरपालिकाबाट अनुदान प्राप्त गर्ने पशु पालक कृषकहरुले अनिवार्य रुपमा पशु विमा गराउनु पर्ने छ ।

३) पशु स्वास्थ्य प्रमाणित गर्दा महानगरमा सूचिकृत भएका प्राविधिकहरुबाट मात्र गर्नु पर्नेछ ।

४) पशु मृत्यु, अनुत्पादक तथा वाँझोपन प्रमाणिकरण महानगरपालिकाले गर्न सक्नेछ ।

५) पशु विमा नियम विपरित गरेमा विमा सुविधा पाईने छैन ।

१० योगदानमा आधारित कृषि कोषको व्यवस्था महानगरपालिकाले आवश्यक कानुनको तर्जुमा गरी लागु गर्न सक्नेछ ।

११ कृषि ऋणको व्यवस्था महानगरपालिकाले आवश्यक कानुनको तर्जुमा गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद ६
## पुरस्कार तथा दण्ड सजाय

१२) **दण्ड सजाय तथा जफतः** महानगरपालिकाबाट स्वीकृत गरिएको नियम विपरित कार्य गरेमा प्रकृति हेरी दश हजार देखी पचास हजार सम्म दण्ड सजाय तथा जफत महानगरपालिकाले गर्न सकिनेछ ।

१३) **पुरस्कार** : (१) महानगरपालिकाले आफनो क्षेत्र भित्रका उत्कृष्ट पशु कृषकहरु तथा वडा छनौट गरी पुरस्कृत गर्न सक्नेछ ।

## परिच्छेद ७
## विविध

१४) **व्यवसाय बन्द गराउन सक्नेः** (१) मापदण्ड विपरित व्यवसाय संचालन गरेको नपाइएमा सम्बन्धीत पशु प्राविधिकको सिफासिरमा महानगरपालिकाले व्यवसाय बन्द गराउन सक्नेछ ।

१५. **समिति गठन गर्न सक्नेः** पशु सेवा विकासको लागि महानगरपालिकाले आवश्यकता बमोजिम समिति गठन गर्न सक्नेछ ।

१६. **कृषक वर्गीकरण तथा परिचय पत्रको व्यवस्थाः** कृषकको वर्गिकरण अनुसार परिचय पत्र प्रदान गरिने छ ।

१७) **महामारी रोग नियन्त्रणः** महानगरपालिकाले महामारी रोगको नियन्त्रणको लागी तोकिएको पशु वध गर्न तथा निर्धारित मिति सम्म व्यवसाय वन्द गर्न सक्नेछ ।

१८. **वृद्ध र छाडा पशुआलय स्थापनाः** महानगरपालिकाले आफैले तथा संघसंस्था संगको सहकार्यमा वृद्ध र छाडा पशुआलय स्थापना गर्न सक्नेछ। वृद्ध र छाडा पशुका धनीले तोकिए बमोजिमको दस्तुर वुझाउनु पर्नेछ।

१९. **पशुजन्य पदार्थको गुणस्तर तथा मापदण्डः** पशुजन्य पर्दाथको उत्पादन प्रशोधन तथा बिक्री वितरणका लागि आवश्यक मापदण्ड तयार गरि लागु गरिनेछ।

२०. **पशु क्वारेनटाईनको स्थापनाः** महानगर क्षेत्रका तोकिएका नाकाहरुमा आवश्यकता बमोजिम पशु क्वारेन्टाइन स्थापना गरिनेछ।

२१. **चरन तथा खर्क विकास र व्यवस्थापन** : सम्भाव्यताका आधारमा पशुपंछिको चरन तथा खर्क छनौट, विकास तथा व्यवस्थापन गरिनेछ।

२२. **नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि महानगरपालिकाले आवश्यकता बमोजिम नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

२३. **बचाउः** यस ऐन तथा यस ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम गरेको मानिनेछ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत